**सत्य प्रवाह राष्ट्रिय दैनिक पत्रिका**

**प्रकाशक** : सत्य संदेश प्रवाह प्रा.लि.
**सम्पादक** : सदाम हुसैन धोबी
**कम्प्युटर अपरेटर** : कृष्णा पंडित
**सम्पर्क कार्यालय** : मलंगवा नगरपालिका- १०,सर्लाही
**मो०**: ९८६३०५११००, ९८१२०५७२००
**वेबसाईड** : satyaprawahkhabar.com
**Email** : satyaprawah123@gmail.com
**मुद्रक** : पशुपति अपसेट प्रेस मलंगवा, सर्लाही
(९८५४०३३८०७, ९८४४०३३८०७)

## सम्पादकीय.....................

### किसानलाई सँधै पिरलो

*नेपाल कृषि प्रधान देश तर देशको अवस्था भने सँधै किसानको विपक्षमा देखिन्छ । नीति निर्माण गर्ने तहमा रहेकाहरुले त कृषकलाई हेपेको नै देखिन्छ र प्रकृतिले पनि कृषकलाई बेला बेलामा पीडा दिने गरेको छ । सोमबार आएको हावाहुरीले निजगढलगायत बारा र रौतहट जिल्लाका बिभिन्न पालिकाका किसानले लगाएको मकै र केरा बालीमा ठूलो क्षति गरेपछि अहिले यो क्षेत्रका कृषकहरु मारमा छन् । तीव्र गतिमा आएको हावाहुरीका कारण मकै र केराबालीमा व्यापक क्षति पुगेपछि किसानहरू चिन्तित बनेका छन् । बाराको निजगढको सिंगौल क्षेत्रमा मात्रै करोडौं रुपैयाँ बराबरको केराबाली नष्ट भएको छ भने रौतहटको उत्तरी भेगमा लगाइएका मकै बालीमा ठूलो क्षति पुगेको छ । हावाहुरीका कारण चन्द्रपुर, वृन्दावन र गुजरा नगरपालिकाका किसानले लगाएको मकै बालीमा क्षति भएको छ । त्यो सँगै तराई मधेशका लगभग सबैजसो स्थानमा हावाहुरीले असर गरेको नै देखिन्छ । हुनत यो समस्या नत पहिलो हो नत अन्तिम नै हो । हरेक बर्ष यस्तो समस्या आउछ, कृषकहरु पुर्पुरोमा हात राखेर रुने भन्दा यो समस्याबाट अन्य विकल्प खोजेको जस्तो देखिदैन । त्यसो त कृषकहरुले चाहेर पनि यो समस्या समाधान हुने पनि होइन । प्रकृतिको कुरा कसले पो रोकेर रोक्न सक्छ र तैपनि सरकारी स्तरबाट भने केही नीति बनाउन सकिन्छ । मुख्यत: कृषकहरुको यस्तो समस्याको बिषयमा कसरी हुन्छ अब नीति बनाऊ । राहत भन्दा पनि उपाय के हुन्छ त्यो लगाउन आवश्यक छ । यसमा संघीय सरकार सहित प्रदेश र स्थानीय सरकारले सोच बनाउन आवश्यक छ । नत्र हरेक वर्ष हावाहुरी आउछ अनि सधै कृषकहरुलाई यसैको पिरलो हुने गर्दछ ।*

## बाँकी सामाचार.................

### सरकार गठनको बाटो खुला..............

हुनेछ । संविधानको धारा ७६ (१) मा भनिएको छ, 'राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ ।' यसका लागि अब राष्ट्रपतिले रास्वपाको संसदीय दलको नेता को हो भनेर थाहा पाउनुपर्छ। अर्थात्, अब रास्वपाले संसदीय दलको नेता चयन गर्नुपर्छ । रास्वपाले चैत १२ गते शपथ लिएपछि दलको नेता चयन गर्ने तयारी गरेको छ । सरकार गठनसँगै राष्ट्रपतिले संसद्को अधिवेशन आह्वान गर्नुपर्ने हुन्छ । संविधानको धारा ९३ मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ । जहाँ भनिएको छ, 'राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्नेछ ।' राष्ट्रपति कार्यालयले भने चैत १६ गते संघीय संसद्को अधिवेशन आह्वान गर्ने तयारी गरेको छ । यसको सन्देश अनौपचारिक रुपमा राजनीतिक दलहरू र संघीय संसद सचिवालयलाई दिइसकेको छ ।

# ब्रह्मपुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## ब्रह्मपुरी, सर्लाही
## मधेश प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धि सूचना

***प्रथम पटक सुचना प्रकाशित मिति : २०८२/१२/०६ गते ।***

यस कार्यालयको मिति २०८२/१२/०५ गतेको निर्णयानुसार यस गाउँपालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न र बर्थिङ्ग सेन्टरको कार्यसम्पादनलाई प्रभावकारी बनाउन दक्ष जनशक्तिको अभाव देखिएकोले उक्त बर्थिङ्ग सेन्टरको सेवालाई प्रभावकारी बनाउन देहायका पदका लागि कर्मचारी सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेको नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क दस्तुर तिरेको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | शैक्षिक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ११/२०८२-०८३ | अ.न.मी. | सहायक चौथो | ४ (चार) | - मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरेको वा सो सरह उत्तीर्ण भएको । <br> - सम्बन्धीत परिषद् मा दर्ता तथा नविकरण भएको । <br> - SBAतालिम प्राप्त वा प्रसुति केन्द्रमा कम्तिमा ६ महिनाको कार्य अनुभव भएको । |

१. **दरखास्त दिने अन्तिम मिति** :- २०८२/१२/२० गते सम्म सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय समयभित्र ।
२. **उमेरको हद** :- १८ वर्ष उमेर पुगेको ४५ वर्ष ननाघेको ।
३. **दरखास्त दस्तुर** :- रु.५००।-
४. **दरखास्त दस्तुर बुझाउने स्थान** :- नबिल बैंक ब्रह्मपुरी शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २१७०१०१७५०००२७ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।
५. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु** :- आवेदक स्वयंले प्रमाणित गरेको नेपाली नागरिकताको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि, ३ प्रति पासपोर्ट साइजको फोटो र व्यक्तिगत विवरण ।
६. **परिक्षाको किसिम** :- संक्षिप्त सुची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।
७. **परिक्षा मिति** :- पछि प्रकाशन गरिनेछ ।
८. **लिखित परिक्षाको पाठ्यक्रम** :- ब्रह्मपुरी गाउँपालिकाले सम्बन्धित पदको लागि स्वीकृत गरी प्रकाशन गरेको पाठ्यक्रम हुनेछ। सम्बन्धित पदको लागि पाठ्यक्रम पालिकाको Website : www.brahmapurimun.gov.np बाट हेर्न सकिनेछ ।
९. **सेवा सुबिधा** :- गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
१०. **पदमा रही गर्नुपर्ने कामको विवरण** :- गा.पा. अन्तर्गतका बर्थिङ्ग सेन्टर (रात्री सत्रमा समेत) वा करार सम्झौता अनुसार ।

**दृष्टव्य** : दरखास्त फारम तथा थप जानकारीको लागी यस गाउँपालिकाको प्रशासन शाखा वा वेवसाइट www.brahmapurif.gov.np मा हेर्न वा कार्यालयको फोन नं. ९८५४०४४०१२ मा सम्पर्क गर्न सकिने ।

***प्रमुख प्रशासकिय अधिकृत***

# सर्लाहीको ईश्वरपुरमा १७० परिवारलाई लालपुर्जा वितरण

***सदाम हुसैन-***



सर्लाही, ०५ चैत । सर्लाहीको ईश्वरपुर नगरपालिका वडा -१० बेला र खैरा गाउँका १७० परिवारलाई जग्गाधनी प्रमाण-पत्र (लालपुर्जा) प्रदान गरिएको छ । वर्षौदेखि गाउँ ब्लक जग्गामा बसोवास गर्दै आइरहेका परिवारलाई नापी कार्यालय मलंगवाले लामो प्रयासपछि लालपुर्जा उपलब्ध गराएको हो । ईश्वरपुरका नगरप्रमुख मनोजकुमार आचार्य, भूमि समस्या समाधान आयोग सर्लाहीका अध्यक्ष मदनबहादुर बिश्वकर्मा, नापी कार्यालय मलंगवाका प्रमुख सुमनकिशोर मिश्र र वडाध्यक्ष राशनारायण चौधरीले स्थानीयहरुलाई बस्तीमै पुगेर लालपुर्जा हस्तान्तरण गरेका छन् । सो ठाउँमा गाउँ ब्लक जग्गामा बसोबास गर्ने २०० परिवार अझै लालपुर्जाविहीन रहेका छन् । अहिले छुटेका उनीहरुलाई पनि अर्को चरणमा चाँडै नै लालपुर्जा उपलब्ध गराउने योजनाका साथ प्रक्रिया अघि बढाइएको भूमि समस्या समाधान आयोग सर्लाहीका अध्यक्ष विश्वकर्माले बताए ।

वर्षौंको प्रतिक्षापछि बसोवास र भोगचलन गरिरहेको जग्गाको लालपुर्जा पाउँदा १७० परिवार दङ्ग परेका छन् । उनीहरुलाई अब जग्गा किनबेच गर्न र बैङ्कमा धितो राखेर ऋण लिने बाटो खुलेको छ । गत वर्ष ईश्वरपुर नगरपालिका-११ मा पनि यसैगरी गाउँ ब्लक जग्गाको लालपुर्जा वितरण गरिएको थियो ।